गौरीगंगा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

चौमाला , कैलाली

७ नं. प्रदेश नेपाल

वीर बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत
रा.प. द्वितीय श्रेणी

# ढुंगा, गिट्टी, वालुवा, ग्राभेल, भरान (माटो) कर उठाउने ठेक्का सम्वन्धि सूचना

## प्रथम पटक प्रकाशित मिति २०७५/४/३०

यस नगरपालिकावाट आ.ब. ०७५/०७६ का लागि स्थानीय तह शासन संञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ अनुसार यस नगर क्षेत्र भित्र भएर वग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदी खोलाहरुवाट ढुंगा, गिट्टी ,वालुवा, ग्राभेल , भरान (माटो) आदिको कुल संकलन १५९८५१ घन मि. मात्र बिक्रीमा प्रति घन मि. रु.७५।- (भ्याट वाहेक) का दरले कर दस्तुर रकम संकलन गर्ने ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुवाट शिलवन्दी वोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै टेण्डर खरिद गर्दा सूचनाका शर्तहरु Tender Document साथ उपलब्ध गराईनेछ र सूचना तथा शर्तहरुको विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटी, वेभसाइड www.gaurigangamun.gov.np तथा कार्यालय समय भित्र राजस्व शाखा र फोन नं. ०९१- ४१८०६० बाट जानकारी प्राप्त गर्न सकिने छ । साथै ठेक्का कबुल अंकको सम्पुर्ण रकम सम्झौता गर्दाका वखत एकमुष्ट बुझाउनेलाई प्रचलित ऐन नियमानुसार औचित्य हेरी १० प्रतिशत छुट दिईने व्यहोरा जानकारी गराईन्छ ।

ढुंगा, गिट्टी ,वालुवा, ग्राभेल , भरान (माटो) विक्रीकर संकलन ठेक्का अवधि ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०७६ जेष्ठ मसान्तसम्मको लागि ( चुरेसंरक्षित क्षेत्र वाहेक )

| ठेक्का नं. | नदी / खोलाको विवरण | न्यूनतम ठेक्का अक रु.मा (भ्याट वाहेक ) | टेण्डर फाराम दस्तुर | सूचनाको अवधि |
|---|---|---|---|---|
| १/ ०७५/ ०७६ | शिवगंगा नदी | रु. १,२०,००,०००।- | रु.३०००।- | ३० दिन |
| | चैमाला नदी | | | |
| | लिक्मा नदी | | | |
| | कान्द्रा नदी | | | |
| | गौरीगगा नदी | | | |

वीर बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत
रा.प. द्वितीय श्रेणी

शर्तहरु

१. नगरपालिकाबाट गरिएको वातावरणीय प्रभाव मूल्यांकन **IEE** मा तोकिएका घाट गद्दी स्थलहरुबाट मात्र नदिजन्य पदार्थ संकलन/ उत्खनन् गर्नु पर्नेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र गौरीगंगा नगरकार्यपालिकाको कार्यालय चौंमाला,कैलालीबाट बोलपत्र खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु ३१ औं दिन अपराह्न १२.०० बजे भित्र गौरीगंगा नगरकार्यपालिकाको कार्यालय चौंमाला,कैलालीमा दर्ता गर्न सकिनेछ र बोलपत्र दर्ता भएको दिनको २.०० बजे खोलिने छ ।

३. बोलपत्र दाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

४. बोलपत्र फाराम खरिद गर्दा नागिरकताको प्रतिलिपी, मू.अ.कर दर्ता, कर चुक्ता प्रमाण पत्र, फर्म दर्ता र नविकरण प्रमाण पत्र आदिको प्रमाणित प्रतिलिपीसाथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

५. ठेक्का लिन ईच्छुक ब्यक्तीले कबुल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबुल गरेको अंकको १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापतको रकम यस गौरीगंगा नगरकार्यपालिकाको कार्यालयको नाममा एन.आई.सी. बैंक लि. चौंमाला शाखामा रहेको खाता नं. 71 CA500982524004 मा नगदै जम्मा वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ ।

६. कबुल रकम अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको बोलपत्र फिर्ता तथा शंसोधन हुनेछैन ।

७. बोलपत्र खरिद / दाखिला गर्ने दिन सार्वजनिक विदा परे सो को भोलिपल्ट तोकिएकै समयमा खरिद / दाखिला गर्न सकिनेछ ।

८. रित पूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये घटी वा बढी वालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सूचना शंसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

९. ठेक्का कबुल अंकको रकम ठेकेदारले तीन किस्ता गरि बुझाउनु पर्नेछ । पहिलो किस्ता सम्झौता गर्दाको वखत, दोस्रो किस्ता मंसिर मसान्त र अन्तिम किस्ता चैत्र मसान्तसम्म

बुझाइसक्नु पर्नेछ । किस्ता बन्दीमा रकम बुझाउने सम्झौता गरेमा पहिलो किस्ता नगदै र बाँकी दुई किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य वैंकको सम्झौता अवधि सम्मको परफरमेन्स वण्ड बैक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।

१०. ठेक्का कबोल गर्ने व्यक्ती, फर्म, संस्था वा कम्पनीले थप १३ प्रतिशत मु.अ.कर संकलन गर्नुपर्नेछ । यसरी संकलित रकम ठेकेदार आफैले आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । उक्त प्रमाण नगरकार्यपालिकाको कार्यालयलाई उपलब्ध नगराएमा नियमानुसारको कारवाही अगाडी बढाईनेछ ।

११. ठेकेदारले नेपाल सरकार तथा नगरकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा नगरकार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. ठेकेदारले सम्झौतापत्रमा तोकिएका वस्तुहरुमा मात्र तोकिए वमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा वढी माल वस्तु वा दररेटमा उठाउन पाईनेछैन । पट्टा पुर्जिमा तोकिएको दर तथा तोकिएको सामाग्री भन्दा फरक हुनेगरी कर संकलन गरेमा नियमानुसार कारवाही गरिनेछ ।

१३. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने बाँकी वक्यौता भएका व्यक्ती ,फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१४. नगरकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नातर्फवाट छपाई सो रसिदहरु यस कार्यालयवाट कार्यालय प्रमुखवाट प्रमाणित गरी प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरुवाट कुनै समस्या अई परेमा नगरकार्यपालिकाको कार्यालय जवाफदेही हुने छैन ।

१५. नेपाल सरकार वा अदालतको आदेश / फैसलावाट मिनाहा दिने सम्वन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावी गर्न पाईने छैन र सम्झौतामा तोकेको समयमा किस्ता रकम बुझाउनुपर्नेछ ।

१६. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन ।

१७. ठेकेदारले नगरपालिकाको राजस्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नु पर्ने छ र राजस्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१८. ठेकेदारले ठेक्का संचालन गर्दा कुनै विवाद उत्पन्न भएमा सो विवाद सरकारी राजस्व संकलन गर्ने नगरपालिकाको सरकारी प्रतिनिधिका हैसियतले आफैं मिलाउनु पर्नेछ ।

१९. नगरपालिकासंग ठेक्का सम्झौता गरेका ठेकेदारले चुरे संरक्षित क्षेत्र र **IEE** नभएको स्थानवाट ढुंगा,गिट्टी,वालुवा र ग्राभेल संकलन उत्खनन गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको प्रशासनिक निकाय ( सुरक्षा तथा वन कार्यालय) हरुको सहयोग लिई अवश्यक कारवाही गर्नुपर्नेछ । साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

२०. ढुंगा,गिट्टी,वालुवा ,ग्राभेल झिक्नु पर्ने घाटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने वाटो वनाउन तथा वाटो मर्मत गर्नु पर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फवाट गर्नुपर्नेछ । ढुंगा,गिट्टी,वालुवा ,ग्राभेल लिन कुनै व्यक्ती वा निकायको निजी जग्गा वा वनक्षेत्र भित्र जानुपर्ने भएमा सम्वन्धित व्यक्ती वा निकायको स्वीकृती लिएर गर्नु परेमा स्वयं ठेकेदारले लिनुपर्नेछ ।

२१. नदीको किनारवाट भू-क्षय हुनेगरी डिल,भिर,भित्तो खनन् खोरस गरी ढुंगा,गिट्टी,वालुवा,ग्राभेल निकाल्न रोक लगाउनु पर्नेछ । त्यसरी निकालेको पाइएमा उक्तकार्य गर्ने ढुवानी साधनहरुलाई सम्बन्धित निकायमा आवश्यक कारवाहीका लागि ठेकेदारले पहल गर्नुपर्नेछ ।

२२. राजमार्ग र पुलको उतर दक्षिण ५०० मी. भित्र ढुंगा,गिट्टी,वालुवा ,ग्राभेल आदि निकाल्न पाउने छैन ।

२३. नदी खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेका ढुंगा तोड्न वा फोड्न पाईने छैन । साथै ढुंगा,गिट्टी,वालुवा ,ग्राभेल झिक्न मेसीनरी औंजारको पूर्णरुपले वन्देज लगाईएकोछ । कोही कसैले मेसिन प्रयोग गरेको पाईएमा अवश्यक कारवाहीका लागि प्रशासनिक निकायमा पठाउनु पर्नेछ । सोको जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

२४. ठेकेदारले भिजेको चिसो वालुवावाट पानी वगी बाटो विगार्ने भएकाले चिसो वालुवा ढुवानीमा रोक लगाउनुपर्नेछ । ढुंगा,गिट्टी,वालुवा,ग्राभेल छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२५. ठेकेदारले घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ साथै ठेकेदारले वस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुनेगरी ढुवानीकार्य गर्न लगाउनुपर्नेछ ।

२६. ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मास्क, हेल्मेट आदिको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

२७. ठेकेदारले पाक्षिक ( १५ / १५ दिनमा ) रुपमा संकलन तथा उत्खनन्को परिमाणको लिखित जानकारी नगरकार्यपालिकाको कार्यालयमा अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

२८. घाटगद्दी क्षेत्र वाहेक अन्यत्र ढुंगा,गिट्टी,बालुवा,ग्राभेल संकलन गरी सडक तथा सार्वजनिकस्थलमा जम्मा गर्न पूर्णरुपमा वन्देज लगाईएकोछ ।

२९. ठेकेदारले प्रारम्भिक वातावरणीय परिक्षण **(IEE)** प्रतिवेदनमा दिईएका राय सुझावहरु सम्बन्धित सरोकारवाला सबैलाई आफ्नैतर्फबाट जानकारी गराई सो को पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक व्ययभार ठेकेदारले स्वयम् व्यहोर्नुपर्नेछ ।

३०. ठेकेदारले नदीजन्य पदार्थ संकलन उत्खनन् हुने घाटगद्दी स्थल सम्वन्धिका खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ र कर संकलन गर्ने दर प्रति घन मिटर रु ७५/- ( अक्षेरुपी पचहत्तर रुपैया मात्र ) हुनेछ । उक्त रकममा मू.अ.कर थप गरी कर संकलन गर्नुपर्नेछ । मू.अ.कर वाहेकका अन्य कर / दस्तुर तिर्नु पर्ने भएपनि ठेकेदार स्वयंले तिर्नु पर्नेछ ।

३१. विहान सुर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून वमोजिम कारवाही हुनेछ ।

३२. खोला तथा नदीको घाटगद्दी स्थलहरुमा सम्पुर्ण जानकारी सहितको सूचनापाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

३३. नेपाल सरकारले बिक्रीकर छुटका लागि गरेको निर्णय वाहेक यस गौरीगंगा नगरपालिका भित्र भएर बग्ने नदी/ खोलाबाट नदिजन्य पदार्थ संकलन/ उत्खनन् गरे बापत नगरपालिकाको बिक्रीकर सबैले तिर्नुपर्नेछ । कसैले नगरपालिकाको विक्रीकर तिर्न अटेर गरेमा कानून अनुसारको कारवाही गरिनेछ ।

३४. नगरपालिकाबाट प्रमाणित गरी कर संकलन गरिएका नगदी रसिदहरु ठेकेदारले ३ / ३ महिनामा नगरकार्यपालिकाको कार्यालयमा जम्मा गर्नुपर्नेछ । उक्त नगदी रसिदसंग नदिजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदिजन्य पदार्थको उत्खननको परिमाण पनि पेश गर्नुपर्नेछ ।

३५. नगरकार्यपालिकाको कार्यालयबाट गरिएको **IEE** मा घाटगद्दी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदिजन्य पदार्थ संकलन/ उत्खनन् गर्न पाईनेछैन यसरी घाटगद्दी स्थल नतोकिएको स्थानवाट संकलन/ उत्खनन् गरेको पाइएमा जरिमाना गरिनुका साथै नदिजन्य पदार्थ र ढुवानीका साधनहरु जफत समेत गर्न सकिनेछ ।

३६. राष्ट्रिय वन तथा सामुदायिक वन क्षेत्र भित्रवाट नदिजन्य पदार्थ संकलन उत्खनन् गर्न पाईनेछैन ।

३७. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानीनेछन् ।

३८. यस सूचनामा उल्लेख भएका विषय यसै सूचना वमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन / नियम बमोजिम हुनेछ ।